# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा
१ नं. प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टी, बालुवा तथा अन्य नदीजन्य पदार्थको उत्खनन् तथा बिक्रीको सिलबन्दी दरभाउपत्र/बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०५/१६**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस नगरपालिकाको आर्थिक ऐन, २०७७ समेतमा भएको व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम ढुङ्गा, गिट्टी तथा अन्य नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री गर्ने सम्बन्धमा आ.व.२०७७७८ का लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र/दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| ठे.नं. | खोलाको नाम | वार्षिक रुपमाउत्खनन् गर्न सकिने परिमाण (क्यू.फिट) | न्यूनतम ठेक्काअंक (कर बाहेक) | जमानत रकम | दरभाउपत्र/ बोलपत्र फाराम दस्तुर | दरभाउपत्र/ बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र/ बोलपत्र दाखिला गर्ने अन्तिम मिति | दरभाउपत्र/ बोलपत्र खोलिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १/०७७/७८ | लिपेखोला | ८७७२१.६४ | ४७१९४२.४२ | १४००० | १००० | २०७७/५/३१ | २०७७/६/१ | २०७७/६/१ |
| २/०७७/७८ | सिस्नेखोला | ५३३९५.७८ | २८७२६९.२९ | ८५०० | १००० | २०७७/५/३१ | २०७७/६/१ | २०७७/६/१ |
| ३/०७७/७८ | पोक्तिङखोला | ५५६२०६.०३ | १८०७६६९.६० | ५४००० | ३००० | २०७७/६/१५ | २०७७/६/१६ | २०७७/६/१६ |
| ४/०७७/७८ | दूधकोशी नदीको मुलघाट | १७३००२३.२३ | ४३२५०५८.०६ | १२९५०० | ३००० | २०७७/६/१५ | २०७७/६/१६ | २०७७/६/१६ |

**शर्तहरुः**

१. उल्लेखित ठेक्का २०७७ असोजदेखी २०७८ जेठ मसान्तसम्मको लागि मात्र हुनेछ।

२. उल्लेखित ठेक्काको दरभाउपत्र/बोलपत्र फाराम माथि उल्लेखित मिति भित्र बोलपत्रफारम दस्तुर वापत यस कार्यालयको रा.व.बैक शाखा कार्यालय ओखलढुंगा शाखामा रहेको हि.नं. २०७०१००३०१०१०००३ को खातामा नगद जम्मा (फिर्ता नहुने) गरेको भौचर साथनिवेदन पेश गरि यस कार्यालयवाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।

३. दरभाउपत्र/बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्काको विवरण र सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय ओखलढुङ्गा भनी प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ।

४. दरभाउपत्र/बोलपत्रहरु फर्मको नाममा खरिद गर्ने भएफर्म इजाजतपत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व.०७६/०७७ को आयकर चुक्ता गरेको प्रमाण पत्र, स्थानीय फर्मको हकमा नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि र व्यक्तिभए नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरिएको हुनु पर्नेछ।

५. खरिद गरिएको दरभाउपत्र/बोलपत्रखरिद गर्ने अन्तिममितिको भोलिपल्ट अपरान्ह १२.०० बजेसम्म सिलबन्दी रुपमादर्ता गर्न सकिनेछ। रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु बोलपत्रदर्ता हुने अन्तिमदिनको अपरान्ह २.०० बजे खोलिनेछ।

६. दरभाउपत्र/बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्काको जमानत वापतको रकम कार्यालयको नामको रा.वा.बैंक ओखलढुङ्गा शाखा स्थित धरौटी खाता नं.२०७०१००३०३००००३ मा जम्मा गरेको सक्कल प्रति भौचर वा राष्ट्रबैंकबाट मान्यताप्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममाजारी गरिएको सिलबन्दी दरभाउपत्रको हकमा कम्तीमा ९० (नब्बे) दिन र सिलबन्दीबोलपत्रको हकमा कम्तिमा १२० (एक सय बीस) दिन मान्य अवधिभएको बैक जमानत पेश गर्नु पर्नेछ।

७. आफूले कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा प्रष्टसँग उल्लेख गरिएको हुनुपर्नेछ। कबोल रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. ठेक्का सम्झौता भएपछि ठेकेदार आफैले नदिजन्य पदार्थ बिक्रिरसिद छपाई गरी यस कार्यालयवाट प्रमाणित गराएपछिमात्र बिक्रि प्रयोजनको लागि प्रयोगमा ल्याउनु पर्नेछ।

९. ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ उत्खनन् गर्दा व्यक्तिगत घर जग्गा र कुलो, बाँध, बाटो आदि क्षति हुनेगरी उत्खनन् गर्न पाइने छैन। उत्खनन स्थलसम्म जाने आउने बाटो बनाउनुपर्ने वाममर्त गर्नुपर्ने भएमा ठेकेदार आफैले निर्माण वाममर्त गर्नु पर्नेछ र ढुङ्गा, गिट्टी, बालुवा तथा नदी जन्यपदार्थ ओसार पसार गर्दा सडक धुलो र हिलो भई आवागमनमा असर पुग्नगएमा ठेकेदार स्वयंले मर्मत गर्नु पर्नेछ।

१०. पुल, कल्भर्ट, कजवे, सडक तथा सार्वजनिक निर्माणस्थल आदिको तलमाथि ५०० (पाँच सय) मिटरको दूरीभित्र ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्यपदार्थ उत्खनन् गर्न पाइने छैन।

११. दरभाउपत्र/बोलपत्रदाता स्वीकृत भएमा सो को सूचनापाएको वा घरदैलोमा सूचना टाँसभएको मितिले ७ (सात) दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ३० प्रतिशतले हुने रकम नगदै बुझाई सम्झौता गरी पट्टालिनुपर्ने छ। दोस्रो र तेस्रो किस्तावापत पर्ने ७० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" बैंकबाट यस कार्यालयको नाममा २०७८ सालअसार मसान्त सम्मम्याद सहित जारि गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमअनुसार नेपाल सरकारलाई आयकर तथाअन्य कर दरभाउपत्र/बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

१२. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकमजफत गरी नियमानुसार दरभाउपत्र/बोलपत्रदाता बन्दोबस्त गरीने छ। यस नगरपालिकाका नदि तथा नदिहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार संञ्चालन ऐन, २०७४, यस नगरपालिका तहबाट जारी भएको कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानूनवा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययनप्रति वेदन यस दरभाउपत्र/बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

१३. IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्र र परिमाण प्रतिकूलहुने गरी ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन।

१४. यस सूचनामा खुलेको शर्तहरुको हकमा यसै बमोजिम र नखुलेको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

१५. यस सम्बन्धमा थप विवरण बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०३७-५२०६८२, ५२०६८३, र ५२०६८४,मा सम्पर्क गरी बुझ्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत